# 多言語情報コーナー　（令和７年１０月号）

## (१) माईना (माईनम्बर कार्ड) आपतकालीन प्रदर्शन कार्यक्रमको बारेमा जानकारी !

"माईनम्बर आपतकालीन" भनेको, आपतकालीन चिकित्सा प्राविधिकले घाइते व्यक्तिको माईनम्बर स्वास्थ्य बीमा कार्ड (स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोगको लागि दर्ता गरिएको माईनम्बर कार्ड) प्रयोग गरेर घाइते वा बिरामी व्यक्तिहरूको चिकित्सा जानकारी हेर्ने प्रणाली हो।

यो माईना आपतकालीनको प्रदर्शन कार्यक्रम यहि अक्टोबर महिनाको १ तारीखदेखि देशभरी एकैसाथ शुरू गरिनेछ।

आपतकालीन चिकित्सा प्राविधिकलाई माईनम्बर कार्ड देखाए मात्र, तपाईंको चिकित्सा इतिहास, औषधिको प्रेसक्रिप्शन इतिहास र अस्पतालमा जाँच गराएको इतिहास थाहा पाउन सकिन्छ। यसले घाइते वा बिरामी व्यक्तिहरूलाई आफ्नो अवस्थाको बारेमा व्याख्या गर्ने भार कम गर्छ, जसले गर्दा उनीहरूलाई थप उपयुक्त उपचार प्राप्त गर्न सुविधा पुग्छ।

माईनम्बर आपतकालीन सेवा प्रयोग गर्न, तपाईंसँग माईनम्बर कार्ड हुनुपर्छ र आफ्नो स्वास्थ्य बीमा कार्डको लागि दर्ता पूरा गरेको हुनु आवश्यक छ।

तपाईंले आफ्नो माईनम्बर कार्ड आपतकालीन चिकित्सा प्राविधिकहरुलाई प्रस्तुत गर्नुपर्नेछ र तपाईंको चिकित्सा जानकारी हेर्न उनीहरूले मौखिक सहमति लिनु आवश्यक छ।

प्रदर्शन कार्यक्रम अवधि मार्च ३१, २०२६ सम्म चल्नेछ।

आपतकालीन अवस्थाको लागि कृपया आफ्नो माईनम्बर कार्ड आफूसँगै बोकेर हिंड्ने गर्नुहोला।

## (२) नौलो कोरोना भाईरस संक्रमण, वृद्धवृद्धा र बालबालिकाका लागि इनफ़्लुएंजा रोकथाम खोप खर्चको आंशिक अनुदान बारे जानकारी !

यहि अक्टोबर १ तारीख देखि, तोचिगी शहरमा आवास दर्ता रहेका, खोप लगाउँदा ६५ बर्ष वा सोभन्दा माथिका वृद्धवृद्धाहरू, अथवा खोप लगाउँदा ६० बर्ष भन्दा माथि र ६५ बर्ष नपुगेका, जसलाई केही निश्चित अन्तर्निहित रोग भएका व्यक्तिहरूले, नौलो कोरोना भाईरस संक्रमणको र इनफ़्लुएंजा रोकथाम खोप यदि शहरको सहयोगी चिकित्सा संस्थामा लगाउने होभने, वृद्धवृद्धा इनफ़्लुएंजाको ३,५०० येन र नौलो कोरोना भाईरस संक्रमण रोकथाम खोपको १२,१०० येन अनुदान रकम प्राप्त गर्न सकिन्छ।

यद्यपि, यि खोपहरु पूर्ण रूपले नि:शुल्क नभएकोले, केहि रकम आफुले पनि व्यहोर्नु पर्नेछ। खोप खर्चको जम्मा रकमबाट अनुदान रकम घटाएर बाँकी रकम चिकित्सा संस्थाको काउन्टरमा भुक्तान गर्नुहोला। आफुले व्यहोर्नु पर्ने रकम चिकित्सा संस्था अनुसार फरक हुन सक्दछ। अवधि चाँही, सन् २०२६ सालको मार्च महिनाको ३१ तारीख सम्म रहेको जानकारी गराईन्छ।

यसका साथै, तोचिगी शहरमा आवास दर्ता भएका जन्मे पछि ६ महिनादेखि जुनियर हाई स्कूलको तेस्रो वर्षसम्मका बालबालिकाका लागि यहि अक्टोबर १ तारीख देखि सन् २०२६ सालको फेब्रुअरी महिनाको २८ तारीख सम्म शहरको सहयोगी चिकित्सा संस्थामा बाल इन्फ्लुएन्जा रोकथाम खोप लगाऊँदा प्रति खोप २,५०० येन अनुदान प्राप्त गर्न सक्छन्। अनुदानित खोपको संख्या (पटक), जन्मेको ६ महिना नाघे देखि प्राथमिक विद्यालय भर्नाहुने उमेर सम्मकालाई यस अवधिमा २ पटक र प्राथमिक विद्यालयको पहिलो बर्षदेखि जुनियर हाई स्कूलको तेस्रो बर्षसम्मका बालबालिकाहरूका लागि यस अवधिमा १ पटक हो। बाल इन्फ्लुएन्जा खोपहरूमा पनि केहि रकम आफुले व्यहोर्नु पर्दछ। खोप खर्चको जम्मा रकमबाट अनुदान रकम घटाएर बाँकी रकम चिकित्सा संस्थाको काउन्टरमा भुक्तान गर्नुहोला। आफुले व्यहोर्नु पर्ने रकम चिकित्सा संस्था अनुसार फरक हुन सक्दछ।

यो सुविधा पाउन योग्य व्यक्तिहरूमध्ये, कल्याणकारी लाभहरू प्राप्त गर्ने घरपरिवारका सदस्यहरूले, खोप लगाएपछि आवेदन दिएमा आफुले व्यहोरेको रकमको अनुदान प्राप्त गर्न सक्छन्।

### (३) १४ औं उतामारो महोत्सव आयोजना बारे जानकारी !

तोचिगी शहर, विश्व प्रसिद्ध उकियो कलाकार र कितागावा उतामारो युकारीको ठाऊँ हो । एदो कालमा उतामारोले तोचिगी शहरमा बसोबास गरेर चित्रहरु लेख्नेकाम गरेका थिए भन्ने भनाई छ ।
यहि अक्टोबर ११ तारीख देखि १९ तारीख, कुरानो माचि ओ-दोरी (भकारीको नगर मुख्य सड़क) लाई केन्द्रित गरि शहर ओरिपरी, कितागावा उतामारोसंग सम्बन्धित कार्यक्रमहरुको आयोजना गरिनेछ ।
ति मध्येमा पनि, मुख्य कार्यक्रम भएको चाँहि, अक्टोबर १८ तारीख शनिबार दिऊँसो १३:३० बजेबाट, यामातोच्च्योउको उजुमागावा (उजुमा खोला) स्थलमा आयोजना गरिने “उतामारो दोउच्च्युउ” रहेकोछ । उतामारोले खेलेका एदोकालका सक्रिय भूमिकाहरुको वातावरणलाई पुन: सिर्जना गर्दै, सार्वजनिक भर्नामार्फत छनोट गरिएका सहभागीहरूले “ओइराङ” जस्ता एदोकालका पात्रको भूमिका निर्वाह गर्दै, डुंगामा चढ़ेर, उजुमा खोलामा ओहोर-दोहोर गर्नेछन् ।
यो एउटा यस्तो कार्यक्रम हो जुन तोचिगी शहरमा मात्र देख्न सकिन्छ, त्यसैले यसलाई हेर्ने अवसरको सदुपयोग गर्नुहोला ।